# स्वास्थ्य संस्था भवन निर्माण कार्यविधि, २०७७

**<u>प्रस्तावना</u>** : सुदूरपश्चिम प्रदेश सरकारको बजेट तथा कार्यक्रम अनुसार सामाजिक विकास मन्त्रालय अन्तर्गतका भवन निर्माण सम्बन्धी कार्यलाई व्यवस्थित, पारदर्शी, गुणस्तरीय, मितव्ययी तथा प्रभावकारी रुपमा संचालन गर्नका लागि सुदूरपश्चिम प्रदेश, सामाजिक विकास मन्त्रालयले **"स्वास्थ्य संस्था भवन निर्माण कार्यविधि, २०७७"** तयार पारी लागु गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस कार्यविधिको नाम **"स्वास्थ्य संस्था भवन निर्माण कार्यविधि, २०७७"** रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय (**मन्त्रिस्तरको निर्णय**) बाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले "स्वास्थ्य संस्था भवन निर्माण कार्यविधि, २०७७" सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले जिल्लास्थित स्वास्थ्य कार्यालय सम्झनु पर्दछ ।

(ग) "स्वास्थ्य संस्था" भन्नाले अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाई, प्रसुति केन्द्र र स्वास्थ्य सम्बन्धि कार्यालयमा विनियोजित भौतिक निर्माण सम्झनु पर्दछ ।

(घ) "मन्त्रिस्तरीय निर्णय" भन्नाले सामाजिक विकास मन्त्रालयका मन्त्रिबाट स्वीकृत भएको निर्णयलाई सम्झनु पर्दछ ।

(ङ) "स्वीकृत कार्यक्रम" भन्नाले सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढीका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढीबाट प्रकाशित व्यय अनुमानको विवरण (खर्च शीर्षकगत र श्रोतगत समेत) मा उल्लेखित शीर्षकगत क्रियाकलापहरुको विस्तृतीकरण समेतलाई सम्झनु पर्दछ ।

(च) "प्रमुख" भन्नाले आर्थिक एवम् प्रशासकीय जिम्मेवारी प्राप्त स्वास्थ्य कार्यालय प्रमुख सम्झनु पर्दछ ।

(छ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश सम्झनु पर्दछ ।

(ज) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्दछ ।

(झ) "स्थानीय तह" भन्नाले उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिकालाई सम्झनु पर्दछ ।

३. *स्वास्थ्य संस्था भवन निर्माण प्रकृया :* यस कार्यविधि बमोजिम स्वास्थ्य संस्था भवन निर्माण देहाय बमोजिमको प्रकृया अनुसार गरिनेछ :-

(क) स्वास्थ्य कार्यालयले सम्बन्धित स्थानीय तहलाई भवन निर्माण योजना छनौट भएको जानकारी गर्न लगाउने र सम्बन्धित स्थानिय तह वा वडा कार्यालयबाट सहयोग र निर्माण पश्चात संचालन गर्ने प्रतिबद्धता एवं वडा कार्यालयले तोकिएको समयमा कार्यसम्पन्न गर्ने लिखित प्रतिबद्दता माग गर्ने ।

(ख) उपभोक्ता समितिले संस्थाको नाममा जमिनको लालपुर्जाको प्रतिलिपी वा स्थानीय तहबाट भोगचलन रहेको प्रमाणित जमिनको विवरण र स्थानीय तह वा वडा कार्यालयबाट सेवा संचालनको प्रतिबद्धता पत्र माग गर्ने ।

(ग) खण्ड "क" र "ख" बमोजिमको विवरण प्राप्त भएपछि सार्वजनिक खरीद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम र प्रचलित कानून बमोजिम निर्माणको प्रकृया अघि बढाउनु पर्नेछ ।

(घ) गत आ.व. हरुमा सामाजिक विकास मन्त्रालयको क्रमागत भएका भवन निर्माण योजनाहरुको हकमा सम्बन्धित स्वास्थ्य कार्यालयहरुसंग सम्झौता भएका उपभोक्ता समितिहरुलाई निर्माण कार्यका लागि निरन्तरता दिई निर्माण कार्य अगाडी बढाउने ।

(ङ) स्वास्थ्य संस्थाहरुको जग्गाभित्र निर्माणको हकमा उक्त संस्थाको नाममा भएको जग्गाको लालपुर्जाको प्रतिलिपि पेश गर्नुपर्ने र स्वास्थ्य संस्था भन्दा बाहिर निर्माण हुनेको हकमा कम्तिमा २ रोपनी जग्गा वा भोगचलन भएको जग्गा व्यवस्थापन गर्नुपर्नेछ ।

(च) निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता २०६० मा भएको व्यवस्था अनुसार गुणस्तरीय, विपद प्रतिरोधी, अपांग मैत्री एवं वातावरण मैत्री हुने गरी गर्नु गराउनु पर्नेछ ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

(छ) प्रसुती केन्द्र, सामुदायिक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य केन्द्रको भवन निर्माणको लागि मन्त्रालयबाट उपलब्ध गराईएको नमुना ड्रईङ/डिजाइनलाई आधार मानी स्थानीय तहबाट स्वीकृत गराई आवश्यक कार्यहरु गर्नुपर्ने र अन्य अस्पताल, स्वास्थ्य कार्यालय तथा आयुर्वेद कार्यालयहरुमा विनियोजित भौतिक निर्माण सम्बन्धी बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयले खटाएका प्राविधिक वा शहरी तथा भवन डिभिजन कार्यालय वा स्थानीय तह अन्तर्गत वा प्रचलित नियमानुसार अन्य निकायबाट डिजाईन लगायतका आवश्यक कार्यहरु गर्ने गराउने ।

(ज) सम्बन्धित संस्थाले सम्झौता अनुसारको कार्ययोजनाको परिमाण तथा लागत अनुमान तयार गर्दा सम्बन्धित जिल्लाको दररेट तथा स्विकृत सरकारी नर्म्सको प्रयोग गर्नुपर्नेछ । यसरी लागत अनुमान तयार गर्दा कार्यक्रमतर्फ व्यहोरिने खर्च, स्वास्थ्य संस्थाको तर्फबाट व्यहोरिने जनश्रमदान वा नगद खर्च वा अन्य कुनै श्रोतबाट व्यहोरिने खर्च समेत उल्लेख गरी सम्पन्न गर्नुपर्ने सम्पूर्ण प्राविधिक कार्यहरु स्पष्ट रुपमा खुलेको हुनुपर्नेछ ।

(झ) संस्थाको भवन निर्माण गर्दा असक्तहरूले समेत प्रयोग गर्न सक्ने गरी र्याम्प राखी ह्वील चेयर जान सक्नेगरी निर्माण गर्ने व्यवस्था समेत मिलाउनु पर्नेछ । सबै ढोकाहरू वाहिर खुल्ने व्यवस्था अनिवार्य रूपमा गर्नुपर्नेछ ।

(छ) प्रसुती केन्द्र, शहरी स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य इकाईको डिजाईन/ड्रविंग गर्दा अनिवार्य पिल्लर, लेंटर, चर्पी, प्रसुती केन्द्रको हकमा प्लासेन्टा पिट, वाईरिंग समेटेको हुनपर्नेछ । साथै स्थानीय तहलाई हस्तान्तरण गर्नुपर्ने भवनमा अनुसूची-१ बमोजिमको शिलालेख राख्नु पर्नेछ ।

(ञ) यसै आ.व. मा भौतिक निर्माण सम्पन्न हुनेगरी प्रचलित नियमानुसार खर्च दोहोरो नपर्नेगरी स्थानीय तह संग सहकार्य गरी भौतिक निर्माण समेत गर्न सकिनेछ ।

(ट) खण्ड "क" र "ख" बमोजिम उपभोक्ता समिति र भवन निर्माण स्थान छनौट सम्बन्धी विवाद भएमा सम्बन्धित क्षेत्रका प्रदेश सभा सदस्यको सिफारिसलाई समेत आधार मानी आवश्यकता र औचित्यताको आधारमा स्वास्थ्य कार्यालयले निर्णय गर्नुपर्नेछ ।

(ठ) आइसोलेशन संग सम्बन्धित न्युनतम मापदण्ड अनुसूची-२ बमोजिम हुनेछ ।

४. तोकिएको प्राविधिक कर्मचारीको सिफारिस, नाप जाँच, प्राविधिक बिलको आधारमा कार्य सम्पन्न भएको सुनिश्चित गरी कार्यक्रम संचालनको प्राविधिक खर्चका लागि कूल रकमको तीन प्रतिशत कन्टिन्जेन्सि

वापतको रकम कट्टा गरी बाँकि हुन आउने रकमलाई शत प्रतिशत मानी भुक्तानी दिनु पर्नेछ । कार्यालयले आवश्यक ठानेमा प्रचलित नियमानुसार पेश्की रकम उपलब्ध गराउन सक्नेछ र प्राप्त पेश्की रकम ३५ दिन भित्र फछ्र्यौट गर्ने ।

५. स्वास्थ्य कार्यालयहरुले चालु आ.व. को असाढ १५ गतेसम्म निर्माण कार्य सम्पन्न गरी असाढ २० गते सम्ममा कार्यसम्पन्न प्रतिवेदन तयार तथा प्रमाणित गरी एक प्रति सम्बन्धित संस्थामा र एक प्रति स्वास्थ्य कार्यालयमा राख्नु पर्नेछ । चालु आ.व. को चैत्र मसान्त पछी सम्झौता गरिने छैन ।

६. निर्माण कार्यको रेखदेख एवं प्रतिवेदन तयार गर्ने कार्य देहाय अनुसार हुनेछ :

(क) निर्माण कार्यको ड्रईङ/डिजाईन, लागत इस्टिमेट, प्राविधिक रेखदेख, रनिङ विल, मापन सिट, कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने समेतका कार्य प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट तोकिएका प्राविधिक वा प्रदेश स्वयंसेवकमा नियुक्त ईन्जिनियरिङ सेवाका प्राविधिक वा स्थानीय तहका प्राविधिकहरूले गर्ने छन ।

(ख) निर्माण कार्यका लागि आवश्यकता अनुसार सहरी विकास तथा भवन डिभिजन कार्यालय, स्थानीय तह वा अन्य सरकारी निकायहरूबाट ईन्जिनियरीङ प्राविधिक सेवा सहयोग लिन सकिनेछ ।

७. सम्झौता अनुरुप निर्माण सम्पन्न नगरी प्राप्त रकमको हिनामिना वा दुरुपयोग गर्ने वा निर्माण कार्य नगरी अन्य प्रयोजनको लागि खर्च गर्ने वा निकासा गरिएको प्रयोजनमा खर्च नै नगरी खातामा रकम जम्मा गरि राख्ने संस्थाहरुबाट तत्काल त्यस्तो रकम असुल उपर गर्ने कारवाही स्वास्थ्य कार्यालयले गर्नुपर्नेछ ।

८. यस कार्यविधि बमोजिम गरिने खर्च रकमको लेखा परिक्षण प्रचलित **आर्थिक ऐन तथा नियमावली** बमोजिम हुनेछ ।

९. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था : (१) निकासा गरिएको रकमबाट तोकिएको कार्य भए नभएको सम्बन्धमा मन्त्रालय आफैले वा अन्तर्गतका निकाय मार्फत अनुगमन तथा मूल्याङ्कन गरी गराई प्रतिवेदन माग गर्नेछ ।

(२) अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदनमा प्रदान गरिएको रकमबाट तोकिएको कार्य नभएको भनी उल्लेख भएको पाईएमा मन्त्रालयले प्रचलित कानून अनुसार कामकारवाही गर्न निर्देशन दिनेछ र सो निर्देशन सम्बन्धित निकाय र पदाधिकारिले पालना गर्नुपर्नेछ ।

१०. <u>बाधा अडकाउ फुकाउ</u> : (१) यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा मन्त्रिस्तरीय निर्णयबाट बाधा अड्काउ फुकाउन सकिनेछ ।

११. <u>खारेजी र बचाउ</u> : (१) स्वास्थ्य संस्था भवन निर्माण कार्यविधि २०७५/७६ खारेज गरिएको छ ।

(२) स्वास्थ्य संस्था भवन निर्माण कार्यविधि २०७५/७६ बमोजिम गरेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

***

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

## अनुसूची-१
## शिलालेखको ढाँचा

प्रदेश सरकार अन्तर्गत सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेशबाट विनियोजित बजेट तथा कार्यक्रम अन्तर्गत कुल लागत रु ................ (अक्षरुपि ...............मात्र) मा .................... अस्पताल/प्रसुती/शहरी/सामुदायिक स्वास्थ्य इकाई/केन्द्र निर्माण कार्य मिति २०७७/../.. गते सम्पन्न गरि हस्तान्तरण गरिएको छ । यस क्षेत्रका नागरिकहरुको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच बढाउँनको लागि प्रदेश सरकारले स्वास्थ्य संस्था भवन निर्माण कार्यक्रम ल्याएको हो ।

भवन उद्धघाटन गर्ने व्यक्ति : माननीय/श्री .............................................. ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

# अनुसूची-२

## आइसोलेसनका लागि निर्माण गरिने भौतिक पूर्वाधार सम्बन्धी पालना गर्नु पर्ने न्युनतम मापदण्ड

### १. १० शैय्याको उपचार केन्द्रका लागि :

- नर्सिङ्ग स्टेसन - १
- कर्मचारीको लागि शौचालय - २ वटा (महिला र पुरुषको लागि छुट्टा छुट्टै)
- आइसोलेसन कक्ष (उपचार कक्ष) :

  **शौचालय/स्नानघर सहितको कक्ष** - स्नान गर्न सकिने सहितको शौचालय-१ वटा, बेड-१,हात धुने सुबिधा-१, ढक्कन सहितको डस्टविन-१, टि.भी. राख्ने फलामको र्याक आदि ।

  **सामान्य आइसोलेशन कक्ष** - बेड-१, हात धुने सुबिधा-१, ढक्कन सहितको डस्टविन-१
- कम्तिमा ४ शैय्याको शौचालय/स्नानघर सहितको कक्ष निर्माण गर्नुपर्नेछ ।
- खानेपानी र बिजुलीको अविच्छिन आपूर्ति ।
- बिरामीको प्रवेश गर्ने द्वार र स्वास्थ्य कर्मीको प्रवेश द्वार अलग गर्ने ।
- सामान्य आइसोलेशन कक्षको हकमा आवश्यकता अनुसार स्वीकृत बजेटको परिधि भित्र रही शौचालय र स्नानघर बनाउन सकिनेछ ।
- स्वीकृत बजेटको परिधि भित्र रही आवश्यकता अनुसार अन्य थप गर्न सकिनेछ ।

### २. ५० शैय्याको आइसोलेसन केन्द्रका लागि :

- नर्सिङ्ग स्टेशन - १
- स्टोर/फार्मेसीको लागि कोठा - १
- चेंजिंग रूम - १
- रेस्ट रूम - १
- संक्रमण व्यवस्थापनका लागि रूम - १
- कर्मचारीको लागि शौचालय - २ (महिला र पुरुषको लागि छुट्टा छुट्टै)
- भान्सा कोठा - १
- सुरक्षाकर्मीको कोठा - १
- आइसोलेसन कक्ष (उपचार कक्ष) :

  **शौचालय/स्नानघर सहितको कक्ष** - स्नान गर्न सकिने सहितको शौचालय-१ वटा, बेड-१, हात धुने सुबिधा-१, ढक्कन सहितको डस्टविन-१, टि.भी. राख्ने फलामको र्याक आदि ।

  **सामान्य आइसोलेशन कक्ष** - बेड-१, हात धुने सुबिधा-१, ढक्कन सहितको डस्टविन-१
- कम्तिमा १० शैय्याको शौचालय/स्नानघर सहितको कक्ष निर्माण गर्नुपर्नेछ ।
- खानेपानी र बिजुलीको अविच्छिन आपूर्ति ।
- बिरामीको प्रवेश गर्ने द्वार र स्वास्थ्य कर्मीको प्रवेश द्वार अलग गर्ने ।
- सामान्य आइसोलेशन कक्षको हकमा आवश्यकता अनुसार स्वीकृत बजेटको परिधि भित्र रही शौचालय र स्नानघर बनाउन सकिनेछ ।
- स्वीकृत बजेटको परिधि भित्र रही आवश्यकता अनुसार अन्य थप गर्न सकिनेछ ।